# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ बैशाख १ देखि २०८२ असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

**आयुर्वेद स्वास्थ्य केन्द्र,**
**खलंगा, सल्यान, नेपाल**

## १.कार्यालयको स्वरुप र प्रकृति

आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान कर्णाली प्रदेश सरकार अन्तर्गत संचालित आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने जिल्ला स्तरीय स्वास्थ्य संस्था हो। **यस सल्यान जिल्लाको कूल क्षेत्रफल १,४६२ वर्गकिलोमिटर रहेको छ भने यहाँ ३ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा १० वटा स्थानिय तहहरु रहेका छन् । यस जिल्लाको जनसंख्या २,३८६६८ जना २०७८ को जनगणना अनुसार रहेको छ ।यस जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र को स्थापना २०५७ सालमा भएको थियो ।** यो कार्यालय सल्यान,खंलगा शारदा नगरपालिका वडा नं २ डाडागाउँमा अवस्थित छ **यस जिल्लामा** आयुर्वेद स्वास्थ्य केन्द्र **स्वास्थ्य को बलियो आधारको रुपमा पुरानो माध्यम साथै भरपर्दो,विश्वासिलो तथा अभिन्न अंगको रुपमा रहेको छ। यस कार्यालयको कार्यक्षेत्र सल्यान जिल्ला भरि रहेको छ।**सल्यान जिल्लामा आयुर्वेद तथा बैकल्पिक चिकित्साका स्वास्थ्य सेवाहरु प्रवाह गर्ने, समुदाय स्तरमा जनस्वास्थ्य मुलक कार्यक्रमहरु मार्फत सर्वसाधारणमा स्वास्थ्य सम्बन्धि जनचेतना अभिबृद्धि गर्ने र स्वास्थ्य सेवामा आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको उच्चतम उपयोगमा प्रोत्साहित गरी यी बिधाको बिकास र विस्तारमा टेवा पुर्याउनुका साथै यस जिल्लामा संचालनरत आयुर्वेद तथा बैकल्पिक चिकित्साका निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु एवं गतिविधिहरुको नियमन गर्नु यस कार्यालयको भुमिका रहन्छ । यस कार्यालयमा हाल २ जना चिकित्सक सहित जम्मा ९ जना कर्मचारी कार्यरत छन्। । यस कार्यालयमा स्वास्थ्य सेवा प्रवाह तर्फ हालका लागि अनुभवी चिकित्सकबाट बिरामी परीक्षण, निःशुल्क आयुर्वेदिक औषधी वितरण,पंचकर्म सेवा(स्नेहन,स्वेदन,नस्य आदी, योग सेवा (उपचारात्मक तथा प्रबर्द्धनात्मक) , प्याथोलोजी ल्याव सेवा ,क्षार सुत्र सेवा,स्तनपाइ आमालाई दुग्ध वर्धक औषधि वितरण सेवा,जेष्ठनागरिक सेवा, मर्म चिकित्सा सेवा, अग्निकर्म सेवा,स्वास्थ्य जिवन परामर्स सेवा तथा निःशुल्क स्वास्थ्य शिविर संचालन, नागरिक आरोग्य अभियान कार्यक्रम संचालन तथा नेपाल सरकारबाट तोकिएका २३ थरीका आयुर्वेद औषधिहरु निःशुल्क बितरण सेवाहरु उपलब्ध छन् । यिनका साथै गाउँघर/शहरी किल्निक संचालन (नसर्ने रोग ब्बस्थापन कार्यक्रम) र छ महिना भित्रका सुत्केरी आमाहरुलाई लक्षित गरी दुग्ध बर्धक औषधि ,वात सामक तेल बितरण आदि कार्यक्रमहरु निःशुल्क रुपमा गर्नु कार्यालयको प्रमुख कार्यहरु हुन् ।

## २. निकायको काम, कर्तब्य र अधिकार

- आयुर्वेद तथा उपलब्ध र संभव भए सम्मका अन्य वैकल्पिक चिकित्सा पद्धतिहरु मार्फत उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने ।
- स्वस्थ ब्यक्तिको स्वास्थ्य प्रवर्धन तथा रोग प्रतिकारका लागि अभियान, कार्यक्रम, तालिम, गोष्ठी आदि जनस्वास्थ्य संग सम्बन्धित गतिविधि संचालन गर्ने ।
- जिल्ला भित्र संचालनरत आयुर्वेद तथा वैकल्पिक चिकित्साका निजी स्वास्थ्य संस्था तथा तिनका गतिविधिहरु नियमन गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

क. आयुर्वेद चिकित्सक २ जना (१छात्रबृति करार) जम्मा २ जना विरामी परिक्षण/ क्षारसुत्र /पुर्वकर्म कार्यालय प्रमुख भुमिका आदि।

ख. कविराज निरिक्षक १ जना कार्यक्रमहरु संचालन, सूचना अधिकारी /स्टोर/तथ्याङ्क/कार्यालय प्रशासन

ग.  बैद्य –२ जना रिक्त/

घ. ल्याव टेक्निसियन १ जना ल्याब सेवा।

ङ. लेखापाल १ जना लेखा शाखा।

च.अभ्यङ्गकर्ता २ जना (पुरुष/महिला)पुर्वकर्म/पंचकर्म सेवा

छ.कार्यालय सहयोगी २ जना(का.स.,औषधी कुटुवा)कार्यालय सरसफाई आदि।

**४. निकायबाट प्रदान गरिने सेवा**

तल उल्लेखित सेवाहरु तत्कालिन आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान को कार्यालय व्यवस्थापन र सञ्चालन  अनुसार तपशिल बमोजिम सेवा निःशुल्क सेवा दिने गरिएको छ।



# कर्णाली प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## स्वास्थ्य सेवा निर्देशनालय
# आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान
## नागरिक वडापत्र

| क्र.सं. | सेवाको विवरण | सेवा उपलब्ध हुने बार र समय | सेवाग्राहीको दायित्व | शुल्क | लाग्ने समय | जिम्मेवार व्यक्ति तथा पदाधिकारी | कोठा नं. | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय र व्यवस्थापकीय कार्य | | | | | कार्यालय प्रमुख | | कार्याल प्रमुख/ सम्बन्धित कर्मचारी | |
| २ | कार्यालय सम्बन्धी जानकारी | | मौखिक/लिखित निवेदन | नि:शुल्क | तुरुन्तै/ नियमानुसार | सुचना अधिकारी | | कार्यालय प्रमुख | |
| ३ | नाम दर्ता र रजिष्ट्रेशन | आइतबार देखि शुक्रबार सम्म विहान १० बजेदेखि दिउसो २: ३० सम्म | नाम दर्ता गराउनुपर्ने | नि:शुल्क | तुरुन्तै/ रोलक्रम अनुसार | नाम दर्ता शाखाको कर्मचारी | १ | कार्यालय प्रमुख | |
| ४ | O.P.D. (बहिरङ्ग) सेवा | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि नाम दर्ता भएका बिरामी नसकिदा सम्म | ओ.पि.डि. फाँटमा रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | तुरुन्तै/ रोलक्रम अनुसार | आयुर्वेद चिकित्सक/ आयुर्वेद स्वास्थ्य कर्मीहरू | २ | कार्यालय प्रमुख | |
| ५ | नि:शुल्क औषधी विरण | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि नाम दर्ता भएका बिरामी नसकिदा सम्म | वितरण शाखामा रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | तुरुन्तै/ रोलक्रम अनुसार | वितरण शाखाका प्राविधिक कर्मचारी | १ | कार्यालय प्रमुख | |
| ६ | पूर्वकर्म पंचकर्म सेवा | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि नाम दर्ता भएका बिरामी नसकिदा सम्म | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श लिई रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | तुरुन्तै/ रोलक्रम अनुसार | चिकित्सक तथा प्राविधिक कर्मचारी | ४, ५ | कार्यालय प्रमुख | |
| ७ | क्षारसुत्र तथा सामान्य शल्यक्रिया सेवा | हरेक हप्ताको शुक्रबार र आइतबार | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श लिई रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | रोलक्रम अनुसार | चिकित्सक तथा प्राविधिक कर्मचारी | ६ | कार्यालय प्रमुख | |
| ८ | जेष्ठ नागरीक स्वास्थ्य प्रबर्द्धन सेवा | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि नाम दर्ता भएका बिरामी नसकिदा सम्म | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श लिई रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | रोलक्रम अनुसार | चिकित्सक तथा प्राविधिक कर्मचारी | १ | कार्यालय प्रमुख | |
| ९ | स्तनपायी आमाका लागि दुग्धबर्धक औषधी वितरण | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि चिकित्सक तथा स्वास्थ्यकर्मीबाट सिफारिस भएका सेवाग्राही नसकिदा सम्म | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श लिई रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | रोलक्रम अनुसार | चिकित्सक तथा प्राविधिक कर्मचारी | १ | कार्यालय प्रमुख | |
| १० | जडिबुटि, योग तथा स्वस्थ जीवनशैली सम्बन्धी परामर्श सेवा | आइतबार देखि शुक्रबार सम्म विहान ५: ३० देखि विहान ६: ३० सम्म साथै विहान १०: ३० देखि ५ बजे सम्म | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श लिई रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | रोलक्रम अनुसार | चिकित्सक तथा स्वास्थ्यकर्मी | २ | कार्यालय प्रमुख | |
| ११ | प्रयोगशाला सेवा | आइतबार देखि शुक्रबार सम्म विहान १०: ३० देखि चिकित्सक तथा स्वास्थ्यकर्मीले सिफारिस गरेका सेवाग्राही नसकिदा सम्म | रोलक्रममा बस्नुपने | नि:शुल्क | रोलक्रम अनुसार | प्रयोगशाला फाँटका प्राविधिक कर्मचारी | ३ | कार्यालय प्रमुख | |
| १२ | योग | तोकिएको समय र स्थानमा | रोलक्रममा बस्नुपर्ने | नि:शुल्क | | सम्बन्धीत कर्मचारी वा आयुर्वेद चिकित्सक | | कार्यालय प्रमुख | |
| १३ | निजी आयुर्वेद स्वास्थ्य संस्था अनुगमन गर्ने | | | | | | | अनुगमन समिति | |

**नोट : कार्यालय खुल्ने समय : कार्तिक १६ देखि माघ १५ सम्म बिहान १० बजे देखि दिउसो ४ बजे सम्म।**
**(माघ १६ देखि कार्तिक १५ सम्म बिहान १० बजे देखि ५ बजे सम्म।**

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

क. टिकट दर्ताः लक्ष्मि बुढाथोकी/राधिका शाह |

ख. विरामी परिक्षणः आ.चि.कार्यालय प्रमुख डा.सम्झना जि.सी./ आ.चि.डा.आँचल श्रेष्ठ |

ग. पञ्चकर्म/पुर्वकर्मः कविराज निरिक्षक श्री धर्मराज थापा / डा. आँचल श्रेष्ठ/अ.क.राधिका शाह/अ.क.सविन शर्मा

घ. क्षारसुत्रः आ.चि. डा. सम्झना जि.सी. / बिषेशज्ञ सेवा / डा. आचल श्रेष्ठ

ङ. ल्यावः ल्या.टेक्निसियन श्री रवि कुमार कुसहवा |

च. लेखाः लेखापाल श्री महेन्द्र के.सी. |

छ. स्टोरः कविराज निरीक्षक श्री धर्मराज थापा |

ज. सुचना अधिकारीः कविराज निरीक्षक श्री धर्मराज थापा |

झ. गुनासो सुन्ने अधिकारीः कार्यालय प्रमुख डा.सम्झना जि.सी. |

ञ. निःशुल्क फार्मेसी सेवाः बैद्य / कविराज/ का.स.श्री प्रबिन हमाल/अ.क. श्री सविन शर्मा |

**६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान कार्यालयमा सबै सेवाहरु निःशुल्क भएको र समयाअबधि नागरिक वडापत्र अनुसार लाग्नेछ।

आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान कार्यालयबाट निःशुल्क रुपमा दिएका ल्याब सेवाहरुः

| सेवाको विवरण | |
|---|---|
| सि.न. | सेवाको प्रकार |
| १. | CBC |
| २. | ESR |
| ३. | Platelets |
| ४. | Hemoglobin |
| ६. | BT |
| ७. | CT |
| ८. | Blood Grouping |

| | |
|---|---|
| ९. | Blood Sugar(F) |
| १०. | Blood Sugar(PP) |
| ११. | Blood Sugar(R) |
| १२. | LFT |
| १३. | Bilirubin(T) |
| १४. | Bilirubin(D) |
| १५. | SGOT |
| १६. | SGPT |
| १७. | ALP |
| १८. | Total Protein |
| १९. | Albumin |
| २०. | Lipid Profile |
| २१. | Total Cholesterol |
| २२. | Triglycerides |
| २३. | HDL |
| २४. | LDL |
| २५. | RA Factor |
| २६. | CRP |
| २७. | ASO Titer |
| २८. | Uric Acid |
| २९. | S. Calcium |
| ३०. | S.Amylase |

| | |
|---|---|
| ३१. | Total Protein |
| ३२. | VDRL |
| ३३. | WidalTest |
| ३४. | HIV(Rapid) |
| ३५. | HBsAG |
| ३६. | Hcv |
| ३७. | Urine R/M/E |
| ३८. | Stool R/M/E |
| ३९. | Stool Occult Blood |
| ४०. | UPT |
| ४१. | Urea |
| ४२. | Creatinine |
| ४३. | RPR |
| ४४. | Montoux test |
| ४५. | ASO |
| ४६. | H pylori |
| ४७. | Urine ketone Body |
| ४८. | Blood grouping |
| ४९. | Semen Analysis |

| | |
|---|---|
| ५०. | R.A. Facto |

**७. निर्णय गर्ने प्रकृया र अधिकारी**

कामको प्रकृति अनुसार सम्वन्धित कर्मचारी

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालय प्रमुख डा. सम्झना जि.सी.

**9. सम्पादन गरेको कामको विवरण**

क. यस कार्यालयबाट दिईने नियमित सेवाहरु जस्तै दैनिक ओपिडी सेवा,निःशुल्क आयुर्वेदिक औषधी वितरण, पञ्चकर्म/पुर्वकर्म सेवा क्षारसुत्र सेवा,प्रबर्धनात्मक योग सेवा / नागरिक आरोग्य सेवा कार्यक्रम आदि सेवाहरु नियमित रुपमा सञ्चालन भई रहेको।

ख. आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यानको आयोजनामा यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरु यस प्रकार रहेको छ

- नसर्ने रोगको स्क्रिनिङ कार्य आयुर्वेद स्वास्थ्य केन्द्र,सल्यान र नागरिक आरोग्य सेवा केन्द्रहरुबाट नियमित सेवा दिई रहेको।
- पूर्णस्तनपानकालागी आमासमुह तथा महिला स्वास्थ्य स्वयंमस्विका हरुलाई अभिमुखिकरण कार्यक्रम।
- नागरिक आरोग्य सेवा केन्द्रहरुको नियमित अनुगमन तथा आवशयक औषधी एवं सामाग्रीहरुको व्यवस्थापन गरिएको आदि।
- निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन (त्रिवेणी गा. पा. र बागचौर नगरपालिका)
- गाउँघर/शहरी किल्निक तथा नसर्ने रोग ब्यबस्थापन कार्यक्रम(त्रिवेणी गा.पा. ३ न. वडा)
- परमपरागत स्वास्थ्य कर्मीहरुलाई जडिबुटी सम्बन्धी जनचेतना मुलक कार्यक्रम।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम (८ विद्यालयमा)
- राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवश।
- धन्वन्तरी जयन्ति तथा राष्ट्रिय आरोग्य दिवश।
- जेष्टनागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रम।
- वातशामक तेल निर्माण कार्यक्रम आदि।
  अन्य नियमित रुपमा कार्यालयले गर्नुपर्ने कार्यहरु सञ्चालन भई रहेको।
  यस कार्यालयबाट सबै सेवाहरु निशुल्क दिईएको छ|

## *Service Receiver from Baishak to Asadha 2082*

| S.N. | Type of service | Female clients | Male clients | Total clients | Remark |
|---|---|---|---|---|---|
| 1. | Female and male clients | 3300 | 2810 | 6110 | |
| 2. | Panchakarma service | 813 | 664 | 1477 | |
| 3. | Salya service | 54 | 59 | 113 | |
| 4. | Yoga service | 91 | 91 | 182 | |
| 5. | Jeshth nagrik service | 1638 | 1446 | 3084 | |
| 6. | Stanpayi service | 244 | - | 244 | |
| 7. | Nagarik arogya service | 450 | 472 | 922 | |
| 8. | OPD service | 2740 | 2200 | 4940 | |
| 9. | Lab service | 517 | 511 | 1028 | |
| | Total clients | 9847 | 8253 | 18,100 | |

### १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

- सुचना अधिकारीः कविराज निरीक्षक श्री धर्मराज थापा , कार्यालय प्रमुखः आयुर्वेद चिकित्सक डा. सम्झना जि.सी.|

### ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

- नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट जारी भएका ऐन/नियम तथा कार्यबिधि, मापदण्ड आदि ।

### १२.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण

## *आ.व.२०८१/०८२ को भौतिक तथा वित्तिय प्रगति*

| क्र.सं . | बजेट शिर्षक | विनियोजित बजेट | खर्च जम्मा | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १. | संघ शसर्त | २,५०,००० | ० | ०% | ०% |
| २. | संघ शसर्त कार्यक्रम | ३९,४०,५८० | ३४,६०,३४३ | ८७.८२% | १००% |
| ३. | प्रदेश पुँजीगत | ४०,००,००० | ३९,७३,३६१ | ९९.३३% | १००% |
| ४. | प्रदेश चालु | १,३१,४८,००० | १,१७,७३,७७५ | ८९.५४% | |
| कुल जम्मा | | २,१३,३८,५८० | १,९२,०७,४७९ | ९२.२३% | |

**१३. तोकिए बमोजिमका अन्य विवरण**

तोकिएको समयमा निर्देशित कार्य गरिएको साथै यस अवधिमा सुचनाको हक सम्वन्धी  ऐन बमोजिम लिखित सुचना माग नभएको।

श्री धर्मराज थापा

कविराज निरीक्षक(सुचना अधिकारी)

सम्पर्क न.०८८–५२००५७

**आयुर्वेद स्वास्थ्य केन्द्र,**

**सल्यान,खलंगा**